नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०८२/८३

चलानी नं : ४८६

मितिः २०८२/०६/२१

श्री मन्त्रालय/आयोग/सचिवालय/निकाय (सबै),

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सात वटै),

विषयः <u>ताकेता सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस मन्त्रालयबाट विभिन्न मितिमा भएको निर्णय अनुसार स्थानीय तहमा कामकाज गर्न खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरु मध्ये केही कर्मचारीहरु हालसम्म पनि खटाइएको स्थानीय तहमा हाजिर हुन नगएका कारण स्थानीय तहको नियमित कामकारवाहीमा असर परेको भनी विभिन्न स्थानीय तहबाट गुनासो प्राप्त हुन आएकोले तहाँ मन्त्रालय/आयोग/सचिवालय/निकाय अन्तर्गत कार्यरत रही यस मन्त्रालयको निर्णयबाट प्रमुख प्रशासकीय अधिकृतको पदमा कामकाज गर्न खटाइएका कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा उल्लेख भएको प्रावधान बमोजिम यथाशिघ्र रमाना दिई पठाउनु हुन भनी मन्त्रालयको च.नं. ४५१, मिति २०८२/०५/३१ गतेको पत्रबाट पत्राचार गरिएकोमा अझै पनि केही स्थानीय तहमा खटाइएका प्रमुख प्रशासकीय अधिकृत हाजिर हुन नआएकोले स्थानीय तहको नियमित काम कारवाहीमा असर पर्नुका साथै प्राकृतिक विपत्तिका कारण सृजित अवस्थाको व्यवस्थापन गर्न समेत कठिनाई भएको भनी विभिन्न स्थानीय तहबाट गुनासो प्राप्त हुन आएकोले तहाँ मन्त्रालय/आयोग/सचिवालय/कार्यालय वा अन्तर्गतका निकायहरुबाट सरुवा भएका/कामकाजमा खटाइएका कर्मचारीहरुलाई पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र रमाना दिई पठाउने व्यवस्था हुन मन्त्रालयको मिति २०८२/०६/२१ गतेको निर्णय अनुसार पुनः अनुरोध छ ।

(अविन्द्र कार्की)
शाखा अधिकृत